फोन नं: ०८४-४२१०४६
ठेगाना: जिल्ला बर्दिया, गुलरिया नगरपालिका, वडा नं ६

# जिल्ला कानूनी सहायता समिति
# बर्दिया

पत्र संख्या:२०८०।०८१
चलानी नं. ९०

मिति: २०८१।०३।०२

विषयः कानूनी सहायता लगायत अपराध न्यूनीकरण सम्बन्धी विषय स्थानीय तहको वार्षिक नीति तथा कार्यक्रममा समावेश गर्ने सम्बन्धमा ।

श्री गुलरिया नगरपालिका नगरकार्यपालिकाको कार्यालय।
श्री मधुवन नगरपालिका नगरकार्यपालिकाको कार्यालय ।
श्री राजापुर नगरपालिका नगरकार्यपालिकाको कार्यालय ।
श्री बारबर्दिया नगरपालिका नगरकार्यपालिकाको कार्यालय ।
श्री ठाकुरबाबा नगरपालिका नगरकार्यपालिकाको कार्यालय ।
श्री बाँसगढी नगरपालिका नगरकार्यपालिकाको कार्यालय ।
श्री बढैयाताल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय ।
श्री गेरुवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय ।

उपर्युक्त सम्बन्धमा यस जिल्ला कानूनी सहायता समिति, बर्दियाको मिति २०८१।३।२ गते सम्पन्न ४२ औं वैठकले कुनै पनि विपन्न व्यक्ति कानूनी सहायता प्राप्त गर्नबाट बञ्चित नहुन दिन निशुल्क कानूनी सहायता प्राप्त गर्न, बर्दिया जिल्लामा रहेका स्थानीय तहमा कानूनी सहायता शिविर सञ्चालन गर्न, फौजदारी अपराध र न्याय प्राप्ति बारेमा सचेतना गरी अपराध न्यूनीकरणमा सहयोग गर्न, अदालत, सरकारी वकील, जिल्ला कानूनी सहायता समिति, नेपाल प्रहरी, बार, स्थानीय तह र अर्धन्यायिक निकायबाट प्रदान गरिने न्यायिक काम कारबाहीबारे जानकारी दिने सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्न, जिल्लामा देखिएका अपराधका विषयवस्तुहरु लागू औषध, जबरजस्ती करणी, बाल यौन दुर्ब्यवहार, मानव बेचबिखन लगायतका लैङ्गिक हिंसा, बालविवाह, बहुविवाह, जातीय छुवाछुत, आत्महत्या, बाल अधिकार, सवारी दुर्घटना, घरेलु हिंसा लगायतका विषयमा जनचेतना र कानूनी सचेतना प्रदान गर्ने, पीडितको संरक्षण लगायतका विषयहरु स्थानीय तहको आगामी आ.व. ०८१।०८२ को वार्षिक नीति तथा कार्यक्रममा समावेश गरी बजेट तर्जुमा गर्न बर्दिया जिल्लामा रहेका सबै स्थानीय तहलाई अनुरोध गर्ने भनी निर्णय गरिएको छ । यसका साथै बालबालिकाको हितका लागि बाल कोष, लैङ्गिक हिंसामा परेका ब्यक्तिलाई सहयोग गर्न लैङ्गिक हिंसा कोष, पीडितलाई संरक्षण र सहयोग गर्न पीडित राहत कोष

---

अध्यक्ष जिल्ला न्यायाधिवक्ता श्री नगेन्द्र लम्साल, ९८४१४४०७८१, सदस्य श्री कमलप्रसाद पाण्डे (बर्दिया जिल्ला अदालत बार एशोसिएन, अध्यक्ष) ९८५८०२५१३३, सदस्य अधिवक्ता श्री उमानाथ ज्ञवाली, ९८४८१०१२४०, सदस्य अधिवक्ता श्री श्यामबहादुर थापा, ९८४८०७९६३९, सदस्य सचिव श्री दिवाकर शर्मा खनाल (बर्दिया जिल्ला अदालत बार एशोसिएसन, सचिव) ९८५८०२९४९४, कानूनी सहायता अधिकृत अधिवक्ता श्री प्रदिप ज्ञवाली, ९८४८०२१४४१

फोन नं: ०८४-४२१०४६
ठेगाना: जिल्ला बर्दिया, गुलरिया नगरपालिका, वडा नं ६

# जिल्ला कानूनी सहायता समिति
## बर्दिया

पत्र संख्या:२०८०।०८१
चलानी नं. १०

मितिः २०८१।०३।०२

र विपन्न व्यक्तिलाई कानूनी सहायता प्रदान गरी सहयोग गर्न कानूनी सहायता कोष स्थापनाका लागि अनुरोध गर्ने भनी निर्णय भएको छ । कानूनी विषयमा कार्यक्रम तर्जुमा गर्न, कानूनी सहायता र सचेतना, न्यायमा पीडितको पहुँच सम्बन्धी कार्यक्रमहरु निर्माण र सञ्चालनमा स्थानीय तहबाट जिल्ला कानूनी सहायता समिति बर्दियालाई अनुरोध भई आएमा सहकार्य र सहयोग गर्ने भनी निर्णय गरिएको ब्यहोरा जानकारीका लागि अनुरोध छ ।

२०८१।३।२

नगेन्द्र लम्साल
अध्यक्ष/जिल्ला न्यायाधिवक्ता

अध्यक्ष जिल्ला न्यायाधिवक्ता श्री नगेन्द्र लम्साल, ९८४१४४०७८१, सदस्य श्री कमलप्रसाद पाण्डे (बर्दिया जिल्ला अदालत बार एशोसिएन, अध्यक्ष) ९८५८०२५१३३, सदस्य अधिवक्ता श्री उमानाथ ज्ञवाली, ९८४८१०१२४०, सदस्य अधिवक्ता श्री श्यामबहादुर थापा, ९८४८०७९६३९, सदस्य सचिव श्री दिवाकर शर्मा खनाल (बर्दिया जिल्ला अदालत बार एशोसिएसन, सचिव) ९८५८०२९४९४, कानूनी सहायता अधिकृत अधिवक्ता श्री प्रदिप ज्ञवाली, ९८४८०२१४४१